दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ५३ | बुटवल | २०८२ फागुन ०४ गते, सोमबार | नेपाल संवत ११४६ | Monday February 16, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## चुनावी नतिजा बंगलादेशको जस्तै आउँछ :ओली



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बंगलादेशको निर्वाचनमा जे भयो नेपालमा पनि त्यही हुने बताएका छन् । उनले बंगलादेशको निर्वाचनका विजेतालाई बधाई तथा शुभकामना पनि दिए ।

झापा ५ मा जाने क्रममा भद्रपुर विमानस्थलमा पत्रकारसँग कुरा गर्दै ओलीले नेपालको निर्वाचन परिणाम पनि बंगलादेशकै जस्तो हुने बताए । सामाजिक सञ्जालमा पपुलर व्यक्तिहरू पराजित भएको र आन्दोलनपछि उदाएको दल ६ सिटमा खुम्चिएकोबारे पत्रकारले जिज्ञाषा राखेका थिए ।

ओलीले अझैं पनि चुनावका लागि ढुक्कको वातावरण बनि नसकेको दोहोऱ्याए । पार्टी चुनावको तयारीमा लागि रहेको, तर ढुक्कको वातावरण बनिनसकेको उनको भनाइ थियो ।

यसअघि अध्यक्ष ओलीले झापा-५ का कमल, गौरादह तथा गौरीगञ्जमा मतदातासँग भेटेका थिए । यसपटक दमक केन्द्रित हुने बताइएको छ । अधिकांश मतदातासँग प्रत्यक्ष भेट्ने चाहना भएको उनले सुनाए । ओलीले भदौ २४ गतेको आन्दोलनमा भएको आगजनी जेनजीले नभई अपराधीहरूले गरेको बताएका छन् । झापास्थित दमक नगरपालिका-२ मा नेपाल शिक्षक संगठनले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

'जेनजी एउटा उमेर समूह हो । यो समूहका युवा पुस्ताको आन्दोलनमा घुसेर गरेर अपराधीले मुलुक जलाएका हुन् । शिक्षक, विद्यार्थीले देश जलाएका होइनन् ।'- ओलीले भने ।

» बाँकी ३ पेजमा

## जन अपेक्षा पूरा गर्दै देश सम्हाल्ने विषय मुख्य : गगन

बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जन अपेक्षा पूरा गर्दै देश सम्हाल्ने विषय मुख्य रहेको बताएका छन् ।

सर्लाही जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका थापाले आगामी पाँच वर्षमा जनभावनाअनुसार सरकारले काम गर्नुपर्ने चुनौती रहेको बताएका हुन् ।

'अब सिंहदरबार पनि जल्नु हुँदैन, गोली पनि चल्नु हुँदैन । हामीले कर्तव्यबोध गरेर काम गर्नुपर्छ । सुशासन कायम गर्नुपर्छ । जनता कुशासनले आजित भएका छन्, हामीले सुधार गर्नुपर्ने धेरै कुरा छन्,' उनले भने-'युवालाई रोजगारी चाहिएको छ, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत विषयमा काम गर्नुपर्ने छ । त्यसैले देश सम्हाल्न राष्ट्रिय दलले कर्तव्य बोध गरेर काम गर्नुपर्ने हुन्छ ।'

सभापति थापाले देशमा जोशसँगै होसका साथ र उत्साहसँगै अनुभवका साथ आगामी दिनमा काम गर्नुपर्ने दायित्व रहेको बताए ।

जनतालाई परिणाम दिनुपर्ने समय आएको उल्लेख गर्दै उनले अब आनाकानी गर्ने छुट नभएको बताए । सबै दललाई साथमा लिएर स्थायित्व हुने काम गर्नुपर्ने सभापति थापाको भनाइ थियो । कांग्रेसले नतिजा दिने गरी काम गर्ने सभापति थापाले बताए । सर्लाही-४ का मतदातासँग भेटघाट गर्दै उनले प्राथमिकताका आधारमा शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# रास्वपा, उनेपा र प्रलोपाको प्रतिबद्धतापत्रमा के–के छ ?

**रास्वपाले औसत प्रतिव्यक्ति आय ३ हजार डलर नघाउने र कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर पुऱ्याउने बताएको छ । उनेपाले संसद र प्रदेशसभाका सांसद र मन्त्रीहरूको संख्या घटाउने, मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुने, उर्जा उत्पादनलाई आर्थिक समृद्धिको मुख्य आधार मानेर चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । प्रलोपाले प्रदेशहरूको पुनर्संरचना, प्रत्यक्ष निर्वाचित राष्ट्रपति र मुख्यमन्त्री, एक व्यक्ति–एक पद र दुई कार्यकालको कानुनी व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरी सांसदहरूलाई कानुन निर्माणमामात्र सीमित गर्नुपर्ने प्रलोपाको अवधारणा छ ।**








**लुम्बिनी संवाददाता**

*बुटवल*

निर्वाचन आयोगले दिएको अन्तिम समयसीमाअनुसार विभिन्न दलले चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले 'मतदातासँग करार' नाममा प्रतिबद्धतापत्र ल्याएको छ । रास्वपाले गर्ने करार पत्र पार्टी सभापति रवि लामिछानेले सामाजिक सञ्जालबाट सार्वजनिक गरे ।

करार पत्रको प्रतिलिपि फेसबुकमा हाल्दै लामिछानेले लेखेका छन्- 'चुनावमा वाचा त धेरैले धेरै पटक गरे । तर, पूरा नगरेको परिणाम उनीहरूले होइन, जनताले नै भोग्नुपऱ्यो निरन्तर । हामी पूरा नहुने वाचा होइन, जनतासँग प्रतिज्ञाको करार गर्दैछौं ।'

रास्वपा नेतृ प्रतिभा रावलका अनुसार देशभरका उम्मेदवारहरूलाई यो करार पत्र वितरण गरिने छ । उनीहरूले चाहेमा यो करार पत्रमा आफ्नो औँठाछाप पनि लगाउन सक्ने छन् । अहिले सार्वजनिक करार पत्र पार्टीको तर्फबाट हो । देशभरिका उम्मेदवारहरूले आ-आफ्नो स्थानीय मुद्दाहरूलाई समावेश गरेर अर्को करार पत्र पनि गर्नुपर्ने छ ।

राप्रपाले चुनावका लागि तयार गरिरहेको वाचा पत्रमा रहेका कुराहरूलाई संक्षेपीकरण गरेर करार पत्र तयार गरिएको नेतृ रावलले बताइन् । करार पत्रमा पार्टीका ५ वटा प्राथमिकता र लक्ष्यहरू निर्धारण गरिएका छन् । पहिलो प्राथमिकतामा सदाचार र असल शासनअन्तरगत सरकारी सेवाहरूको सर्वव्यापी डिजिटल डेलिभरीसहित ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार सूचकाङ्कमा भारी सुधारको लक्ष्य तोकिएको छ ।

दोस्रो प्राथमिकता रहेको छ, मध्यम वर्गीय विस्तार । यस अन्तरगत औसत प्रतिव्यक्ति आय ३ हजार डलर नघाउने र कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । जन्मदेखि मृत्युसम्म आवश्यकतामा आधारित एकीकृत सामाजिक सुरक्षाको ग्यारेन्टी पनि रास्वपाले गरेको छ । यसैगरी आधुनिक बैंकिङसहित वित्तीय सेवाहरूमा सबै नागरिकको पहुँचलगायत सख्त नियमनभित्रको सहकारी र लघुवित्त, मिटर ब्याज शोषणको अन्त्य गर्ने उल्लेख छ ।

रास्वपाले १२ लाख नयाँ रोजगारी सिर्जना गर्ने प्रतिबद्धतासमेत जनाएको छ । आइटी, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापारमा ती रोजगारी सिर्जना गरिने करार पत्रमा उल्लेख छ । यस्तै, १५ हजार मेगावाट विद्युत् जडित क्षमता र ३० हजार किलोमिटर राष्ट्रिय राजमार्ग निर्माणको लक्ष्य छ । १० वटा राष्ट्रिय महत्वका सिग्नेचर आयोजना सम्पन्न गर्ने भनिएको छ । रास्वपाले विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन मताधिकार दिलाउने वाचा गरेको छ ।

वंशजको नागरिकताको निरन्तरता र सार्वभौम डायस्पोरा फण्डको कार्यान्वयन गर्ने भनिएको छ । करार पत्रमा लेखिएको छ-'तपाईंहरूले हामीलाई एकल बहुमत दिलाएको अवस्थामा पनि करार बमोजिमका सर्तहरू डेलिभरीसहित ५ वर्षभित्र बुझाउन नसकी तपाईं नागरिकलाई मर्का पर्न गएमा संविधान, मौजुदा कानुन र सामाजिक करार अनुसार हाम्रो 'राजनीतिक नैतिकता र पद' बाट अर्को पटकको निर्वाचनमा सजाय दिई असुल उपर गरी लिनुहोला । यसमा हाम्रो पार्टीका सम्पूर्ण सदस्यहरूको मन्जुरी छ । काबुबाहिरको परिस्थिति बाहेक हामी पूरा गर्न नसकिने वाचा बाँड्दैनौं, बरू तपाईंहरूको राजनीतिक विश्वासको ऋणको करार गर्छौं ।'

**यस्तो छ उनेपाको घोषणापत्र**

उज्यालो नेपाल पार्टीले संघीय संसद र प्रदेशसभाका सांसदहरूको संख्या घटाउने, उर्जा उत्पादनलाई आर्थिक समृद्धिको मुख्य आधार मानेर चुनावी घोषणापत्र सार्वजनिक गरेको छ ।

आइतबार काठमाडौंमा उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङलगायतका नेताहरूले चूनाव केन्द्रीत घोषणापत्र सार्वजनिक गरेका हुन् ।

उज्यालो नेपाल पार्टीको घोषणा पत्रमा नागरिकले समयमै सार्वजनिक सेवा पाउने, भ्रष्टाचारविरुद्ध उजुरी दिने र जवाफदेहिता खोज्ने हक संविधानमा मौलिक हकको रूपमा स्थापित गरिने उल्लेख छ ।

त्यस्तै प्रतिनिधिसभा सदस्य संख्या २७५ बाट २०१ कायम तथा प्रदेशसभाको सदस्य संख्या पनि कटौती गरी ५५० बाट ३३० कायम गर्नका लागि प्रस्ताव गरिने, संघमा १५ मन्त्रालय र प्रदेशमा ५ देखि ७ मन्त्रालयमा सीमित गरी मन्त्रिमण्डलमा राज्यमन्त्री र सहायकमन्त्री नराख्ने व्यवस्थाका लागि पहल गरिने, प्रदेश सरकारको स्थायित्वका लागि प्रदेशका मुख्यमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित गर्ने व्यवस्था गर्नका लागि संविधान संशोधन गरिने उल्लेख छ ।

त्यसैगरी मतदातालाई लोकतान्त्रिक अभ्यासप्रति आकर्षण गर्न अन्य जिल्लामा रहेका मतदाताहरूले नजिकको मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था गरिने र मतदाताले विरोध मत दर्ता गर्न मतदान पत्रमा 'कुनै पनि होइन' भन्ने विकल्प रोज्ने व्यवस्था गरिने घोषणापत्रमा उल्लेख छ ।

त्यस्तै घोषणापत्रमा भ्रष्टाचारीलाई आजीवन सार्वजनिक पदमा प्रतिबन्ध लगाउनुका साथै निजको सम्पत्ति राष्ट्रियकरण गरिने उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङलेले जानकारी दिए ।

अन्य दलजस्तै उज्यालो नेपालले पनि निःशुल्क स्वास्थ्य, शिक्षा, सहज रूपमा रोजगारीको व्यवस्थालाई घोषणापत्रमा उल्लेख गरेको छ भने आगामी ५ वर्षभित्र ८ हजार कि.मि. कालोपत्रे, ४ हजार कि.मि. ग्राभेल र ३ हजार कि.मि. नयाँ ट्र्याक खोल्ने काम गरिने जनाएको छ ।

» बाँकी ३ पेजमा

## बुटवलको ६७औं स्थापना दिवसः
## विकास योजना र उपलब्धि सार्वजनिक




**लुम्बिनी संवाददाता**

*बुटवल*

बुटवल उप-महानगरपालिकाको ६७औं स्थापना दिवसका अवसरमा नगरप्रमुखले शहरको ऐतिहासिक महत्व स्मरण गर्दै हालसम्मका उपलब्धि र आगामी विकास योजना सार्वजनिक गरेका छन् ।

उप-महानगरमा आयोजना गरिएको स्थापना दिवसमा बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले हालसम्मका उपलब्धि र आगामी विकास योजना सार्वजनिक गरेका हुन् । उनले बुटवललाई पहाड-तराईको मुख्य व्यापारिक केन्द्र तथा कर्मवीरहरूको शहरका रूपमा वर्णन गर्दै जितगढी किल्लालगायत ऐतिहासिक सम्पदाको संरक्षण र पर्यटन विकासमा जोड दाबी गरे ।

उप-महानगरले ३९ विद्यालयमा भौतिक सुधार, २४ विद्यालयमा आइसिटी ल्याब स्थापना तथा १,२९९ विद्यार्थीलाई छात्रवृत्ति र २,७९३ विद्यार्थीलाई निःशुल्क पोशाक वितरण गरेको उनले बताए । १८ शहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छन् भने ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको बताउँदै नगरप्रमुख पाण्डेयले महिलाहरूका लागि क्यान्सर परीक्षण, किशोरीहरूलाई खोप र सुत्केरी पोषण सहयोग कार्यक्रम पनि सञ्चालन गरिएको जनाए ।

उनले ७० किलोमिटर सडक कालोपत्रे, ४० किलोमिटर ग्राभेल, ३० किलोमिटर नाली निर्माण तथा ६८ स्थानमा हाइमास्ट लाइट जडान गरिएको बताउँदै ट्राफिक चोकहरूमा ट्राफिक लाइट, सार्वजनिक स्थानमा फ्रि वाइफाइ र सिसिटिभि जडान गरिएको जानकारी गराए । भूमिहीन तथा अव्यवस्थित बसोबासीको १० हजारभन्दा बढी घरधुरीको नापजाँच प्रक्रिया अगाडि बढाइएको जानकारी दिए ।

आधुनिक बसपार्क, नदी किनार पर्यटन, धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास, स्मार्ट सेवा प्रणाली र "आहा बुटवल" अभियानमार्फत् सुशासन तथा सेवा सुधारलाई प्राथमिकता दिइने उनले दाबी गरे ।

३५५ युवालाई सीपमूलक तालिम, रोजगारी कार्यक्रममार्फत् हजारौं कार्यदिन सिर्जना तथा १,०६४ नयाँ फर्म दर्ता गरिएको बुटवल उप-महानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले बताइन् । उनले कृषकलाई उन्नत बिउ र पशुपालन अनुदान उपलब्ध गराइएको बताउँदै मोतीपुर औद्योगिक क्षेत्र सञ्चालन, कृषि व्यावसायिक केन्द्र र व्यवसायमैत्री बजार विस्तारलाई प्राथमिकतामा राखिएको बताइन् ।

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, पश्चिम नेपाल बस व्यवसायी समितिका अध्यक्ष दधि खरेल, कान्ति मावि व्यवस्थापन समिति अध्यक्ष जीवन ओझा, नेपाल पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष दिनेश, उप-महानगरपालिकाका योजना शाखा प्रमुख अधिकृत ठगिश्वर पोखरेललगायतले बोलेका थिए ।




## सम्पादकीय

# तालिमले श्रृजना गरेको अवसर

बुटवल उप-महानगरपालिकाले विभिन्न सीपमूलक तथा व्यवसायिक तालिम लिएकामध्ये ५९ प्रतिशतले रोजगारी पाएको र स्वरोजगार बनेको पाइएको छ । तीनवर्षमा बुटवल उप-महानगरपालिकाले आयोजना गरेको विभिन्न सीपमूलक तथा व्यवसायिक तालिममा सहभागीमध्ये ५९ प्रतिशत स्वरोजगार बन्नु र रोजगारी पाउनु सकारात्मक हो ।

बुटवल उप-महानगरपालिकाका अनुसार, तीन वर्षमा तालिममा सहभागी १ सय ७५ मध्ये १ सय ४ जनाले रोजगारी पाएका र स्वरोजगार बनेको पाइएको छ । आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरेको टायल मार्वल लगाउने तालिममा सहभागी २० जनामध्ये १३ जना रोजगारीमा संलग्न भएका छन् । बुटवलका सुनचाँदी गहना व्यवसायीले यहाँ मजदुर नपाएर भारतबाट ल्याउँदै आएका छन् । यहाँ सुनचाँदीका गहना बनाउने कालिगड उत्पादनलाई उप-महानगरपालिकाले प्राथमिकता दिएको छ । रोजगारीको राम्रो माध्यम भएकाले तालिम लिन युवा इच्छुक छन् । अहिले तालिम लिएका युवाले धमाधम काम पाउन थालेका छन् । भारतीय मजदुरको भर पर्दा विभिन्न खाले समस्या भोगेका व्यवसायीका लागि स्थानीय मजदुर पाइन थालेपछि खुशी भएका छन् । अझ व्यवसायीले नै अझै धेरै सीप भएका मजदुर उत्पादन गर्न उप-महानगरपालिकालाई भनिरहेका छन् ।

मुलुकमा बेरोजगारी व्याप्त छ । मुलुकमै रोजगारी पर्याप्त नभएको अवस्था हुँदै हो, अझ यहाँ भएको कामलाई रोजगारी नै नमान्ने प्रवृत्ति युवा माझ झाङ्गिएको छ । शैलुन व्यवसायमा धेरै भारतीयहरु संलग्न छन् । नेपाली युवा अझै पहाडी समुदायका युवाले शैलुन व्यवसाय गर्न रूची नै छैन । शैलुन व्यवसाय राम्रो सम्भावनाको क्षेत्र हो । पैसा कमाइने यो व्यवसायप्रति युवाको रूची बढाउन आवश्यक छ । कतिपय युवाले यही केही गर्न खोज्दाखोज्दै सीपमूलक तालिम पाइरहेका छैनन् । व्यवसायिक योजना बनाउने क्षमता विस्तार हुन सकेको छैन । अहिले पालिकाहरुले बेरोजगार युवाको नाम संकलन गर्ने र सीपअनुसारको रोजगारीको अवसरबारे सूचना दिने, तालिमको रुची आवश्यकता पहिचान गरी उपलब्ध गराउने जस्ता काममा सहजीकरण गर्दै आएका छन् ।

स्थानीय तहले अहिले गरिरहेको साना खालका तालिममा रूची र अवसर दुवै देखिएको छ । छोटो अवधिको तालिमबाटै रोजगारी श्रृजना हुने यस्ता विषयको पहिचान गरी अझै तालिम बढाउनुपर्छ । धेरै सम्भावना छ, तर कुन क्षेत्रमा सम्भावना छ भन्ने बारेमा पहिचान गर्नुपर्छ । बुटवल उप-महानगरपालिकाले गरेको यो सानो प्रयासको नतिजा राम्रै देखियो । अब आवश्यकता छ, रोजगारीको अवसर र युवाको रूची पहिचान । स्वरोजगारमूलक तालिम पाएपछि उनीहरुले सामान्य लगानी गर्ने अवस्था छैन भने बिउ पुँजीको रुपमा उपलब्ध गराउने र किस्तामा फिर्ता गर्ने गरी गरिबको जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न सकिन्छ । स्थानीय स्रोत र साधनमा आधारित तालिम उपलब्ध गराउने र व्यवसाय श्रृजना गर्ने कामलाई प्राथमिकता दिनुपर्छ ।

# मतदाताको विवेकको परीक्षा



मेखराज उदय

बोलीमा समानता, न्याय, देशप्रेम, समृद्धि र विकासको नारा हुने भए पनि व्यवहारमा भ्रष्टाचार, नातावाद, जातिवाद र भालेवादको शासन चल्दै आएको छ । यी तमाम बेथितिविरुद्ध युवा आक्रोशित बन्नु स्वाभाविक छ । विडम्बना, कांग्रेसबाहेक अन्य पुराना दलले आफूलाई परिमार्जन गर्न सकेनन् । पुस्ता हस्तान्तरको मुद्दा नजरअन्दाज भए ।

चर्चित चिनियाँ लोककथाबाट लेखको सुरुवात गर्छु । कुनै एक सहरमा पानीको चरम अभाव थियो । टोलमा पानीको व्याकुलता देखेर एकजना इञ्जिनियरले सडकछेउमा इनार खने । सो इनारको पानीले टोलभरिका मानिसको तिर्खा मेटियो । त्यति मात्रै होइन, त्यो इनार खन्ने इञ्जिनियर पनि प्रख्यात बन्यो । उसको जयजयकार भयो । मानिसले भन्न थाले- यो व्याकुल सहरमा पानी ल्याइदिने त्यो व्यक्ति सामान्य मान्छे नभएर भगवान् नै हुनुपर्छ । हुँदाहुँदा ती इञ्जिनियरलाई देवत्वकरण नै गरियो ।

एक रात कुनै एक व्यक्ति सो इनारको बाटो हुँदै यात्रारत थियो । अँध्यारोका कारण त्यो व्यक्ति सोही इनारमा खस्यो र उसको त्यहीँ मृत्यु हुन पुग्यो । त्यसपछि सारा सहरवासी आक्रोशित बन्न पुगे । मानिसले भन्न थाले- 'बिच बाटोमा इनार खन्ने कस्तो मूर्ख हो ? त्यो व्यक्ति हत्यारा हो, अपराधी नै हो । त्यसलाई सजाय दिलाउनुपर्छ ।' त्यसैले हामीले बुझ्न आवश्यक छ, लोकप्रीयतावादी (पपुलिस्ट) राजनीतिको आयु लामो हुँदैन । भिडको मनोदशा बदलिन धेरै समय लाग्दैन ।

कन्फ्युसियस भन्थे-'मौनताले निरंकुशतालाई नै बल पुग्छ ।' लोकतन्त्रमा नागरिकले शासकको गलत कामप्रति विरोध गर्ने स्वतन्त्रता प्राप्त गरेका छन् । बौद्धिक जमातको मौनता घृणास्पद र लज्जास्पद छ । हिजो दलहरूको राष्ट्रघात, बेइमानी, कुशासन र भ्रष्टाचारविरुद्ध सचेत र बौद्धिक भनिनेहरू मौन बसे । केपी ओली नेतृत्वको सरकारको बेथिति, गैरसंवैधानिक काम र शैलीको समयमै पर्याप्त विरोध हुनै सकेन । आज नयाँका नाममा उपलब्धि, व्यवस्थाविरोधी, ध्वंसकारी, हिंस्रक, स्टटन्बाजविरुद्ध मूर्दाशान्ति छाएको छ । विरोधका नाउँमा व्यक्तिगत कुण्ठा पोख्ने, साम्प्रदायिक, धार्मिक र जातीय घृणा फैलाउने कार्य रोक्नु के जरुरी छैन ?

उसो त लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण अधिकार भनेको नागरिकले प्राप्त गर्ने बालिग मताधिकार हो । जसको प्रयोगबाट कानुनबमोजिम उसले आफ्नो प्रतिनिधि चुन्न र आफैँसमेत जनप्रतिनिधि चुनिन पाउँछ । विडम्बना, जनताको भने औपचारिक कुनै भूमिका उपलब्ध छैन । स्मरण रहोस्, हाम्रो संविधानमा कसैलाई पनि नागरिक बन्नबाट वञ्चित नगराइने व्यवस्था छ । तथापि, यही भूमिमा जन्मिएर युगौँ वा पुस्तौँ बिताएका भूमिपुत्रहरू अझै गैरनागरिक रहन बाध्य छन् । जाति, धर्म र सम्प्रदाय विशेषका कारण मधेशका अधिकांश दलित, उत्पीडित र पहाडको ठुलो समूह नागरिकता नपाएका कारण नागरिक बन्नबाट वञ्चित छन् । यो विषय अझै चुनावी अजेन्डा बन्न सकेको छैन । देश सम्पन्न बन्न जनता संवैधानिक अधिकारसम्पन्न बन्नु अनिवार्य छ ।

२१ फागुनका लागि घोषित आमचुनावको मिति निकट बन्दै छ । संविधान र विधिको शासनमाथि गम्भीर संकट आइपरेको असाधारण अवस्थामा हुन लागेको यो निर्वाचनको नियमितभन्दा बेग्लै विशेष महत्व छ । पहिलो कुरा, २३ र २४ भदौको जेन-जी आन्दोलनप्रति दलहरूका दृष्टिकोण र बुझाइ फरक छन् । नेपाली कांग्रेसले विशेष महाधिवेशनमार्फत् औपचारिक रूपमा जेनजी आन्दोलनलाई विद्रोहका रूपमा स्वीकार गरेको छ । तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले कांग्रेसलाई पुनर्जीवन दिन अन्तिम र सम्भवतः सबैभन्दा अप्रिय निर्णय गरे । परिणामतः विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा कांग्रेसको नयाँ कार्य समिति गठन भयो । कांग्रेसमा विशेष महाधिवेशन पक्ष र विपक्षमा दुईटा स्पष्ट विभाजन देखा पऱ्यो । विवाद निर्वाचन आयोगसम्म पुग्यो र आयोगले थापा पक्षलाई कांग्रेसको आधिकारिकता प्रदान गऱ्यो । यद्यपि, त्यो निर्णय विवादरहित भने हुन सकेन र देउवा पक्ष आधिकारिकता दाबी गर्दै सर्वोच्च अदालत पुगेको छ ।

विवादबिच अन्ततः गगन थापा र शेरबहादुर देउवा पक्षबिच दुईबुँदे सहमति बन्न पुग्यो । पहिलो, वर्तमान सभापति थापाको हस्ताक्षरबाट उम्मेदवारको टिकट वितरण गरिने गरियो । र दोस्रो, विशेष महाधिवेशनको वैधतामाथिको प्रश्नमा अदालतको निर्णयलाई दुवै पक्षले मान्ने । चुनावमा थापा पक्षको रणनीतिक योग्यता र देउवा पक्षको सहयोग कस्तो रहन्छ, त्यो भने चुनावको परिणामले देखाउने नै छ । किनकि, अन्तरघात विगतदेखि कांग्रेसका लागि सबैभन्दा ठुलो चुनौती र समस्या हो ।

पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीले सुरुदेखि नै जेनजी विद्रोहको अपनत्व स्वीकार गरेको हो । विभिन्न कम्युनिस्ट घटक तथा समूह र व्यक्तिको एकताबाट नेकपा बनेको छ । मध्यावधि निर्वाचनलाई घोषणादेखि स्वीकार र स्वागत गरेका दाहालले जेनजी आन्दोलनलाई सम्भवतः सबैभन्दा पहिले विद्रोहको रूपमा स्वीकार गरे । जेनजी विद्रोहको म्यान्डेटअनुसार पार्टीलाई परिमार्जन गरेको दाबी गरे पनि नीतिगत भ्रष्टाचारको मुद्दामा अदालतको आदेशमा ३५ लाख धरौटी बुझाएर थुनामुक्त भएका पूर्वप्रधानमन्त्री (जो निवर्तमान संसद्मा निलम्बित थिए र अब विजयी भएमा पनि स्वतः निलम्बनमा परी संसद् प्रवेश पाउनेछैनन्) माधव नेपाललाई दाहालपछिको सहसंयोजक बनाइएको छ । उनी पुरानै क्षेत्र रौतहटबाट चुनावी मैदानमा छन् र निर्णय नागरिकले गर्ने नै छन् । यो अनैतिक राजनीतिको ज्वलन्त उदाहरण हो ।

विपक्षमा छ, नेकपा एमाले । जेन-जी विद्रोहका वेला एमाले अध्यक्ष केपी शर्मा ओली मुलुकका प्रधानमन्त्री थिए । ओलीको सट्टा अरू कोही प्रधानमन्त्री भएको भए त्यो विध्वंस, हत्या र विद्रोह हुँदैनथ्यो भन्ने एकथरीको बुझाइ छ । यसर्थ, त्यो राज्यआतंक, ७६ जनाको हत्या, राष्ट्रिय सम्पत्ति, सार्वजनिक र निजी सम्पत्तिमाथिको आक्रमण र क्षति आदिको मुख्य दोषी ओली नै हुन् भन्ने भाष्य तयार भएको छ । त्यति मात्रै होइन, कार्यकालअगावै पार्टीको महाधिवेशन गरेर करिब एकलौटी आफूपक्षीय पदाधिकारी र केन्द्रीय कमिटीसहित पुनः अध्यक्ष बनेका ओलीले महाधिवेशनबाट मूलतः दुई सन्देश दिन चाहे ।

पहिलो, जेनजी आन्दोलन एक आतंक थियो, जसमा भूराजनीतिको प्रभाव मात्रै होइन, योजनामै गरियो । सम्भवतः जेनजी आन्दोलनलाई विद्रोह स्वीकार नगर्ने पहिलो र एक मात्र दल एमाले हो । दोस्रो, जेनजी आन्दोलन सत्ताविरुद्ध होइन, एमालेविरुद्धको षड्यन्त्र थियो । माओवादी, रास्वपा आदि स्वदेशी र विदेशी शक्ति मिलेर ओली-देउवा सत्ता गठबन्धन विघटन गर्नु जेनजी आन्दोलनको मुख्य उद्देश्य रहेको ओली र एमालेको निष्कर्ष छ । यसरी जेनजी आन्दोलनको कारण आज मुलुक, राजनीतिक दल, नागरिक वा मतदाता, नयाँ र पुराना शक्तिबिचको संघर्ष, नागरिक चेतना र संविधानको दोहन वा असफलता आदिको अवस्था सिर्जना भएको छ । यदि मुलुकलाई दुई भागमा विभाजन गर्ने हो भने एक, जेनजी आन्दोलनलाई राजनीतिक असन्तुष्टि, भरोसाहीनता र सत्ताको रक्त उन्मादविरुद्धको विद्रोह मान्ने पक्ष । स्मरणका लागि, वर्तमान सरकार र जेन-जी समूहबिचको सम्झौतामा समेत यो विषय समेटिएको छ । यो पक्षमा कांग्रेस, नेकपा, रास्वपा, मधेशवादी दल आदि पर्छन् । दोस्रो, जेनजी आन्दोलनलाई आतंक, विध्वंस र षड्यन्त्र मान्छ र विद्रोह स्विकार्दैन, अर्थात् त्यो हो केपी शर्मा ओली र एमाले । मूलतः यही दुई मुद्दाका आधारमा चुनावी जनमत विभाजित हुने देखिन्छ ।

तेस्रो, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौं महानगर पालिकाका मेयर बालेन्द्र शाह (जो हाल रास्वपाका वरिष्ठ नेता र रास्वपाका तर्फबाट आगामी प्रधानमन्त्रीका सम्भावित उम्मेदवार घोषित भएका) हुन् । रास्वपाले विद्रोह स्विकारेको मात्रै होइन, विद्रोहमा प्रत्यक्ष सामेल भएका घटनाले पुष्टि गर्छ भने बालेन्द्रले अघोषित रूपमा विद्रोहको कमान्ड नै सम्हालेका हुन् भन्नेहरू पनि छन् । रास्वपाको राजनीतिक, वैचारिक दृष्टिकोण स्पष्ट छैन । तथापि, उसले पुराना दलका खराब वा असफल विगत र कुशासनलाई चुनावी मुख्य मुद्दा बनाएको छ ।

नेपालको लोकतन्त्र, गणतन्त्र, संघीयता, संविधानवाद, स्वतन्त्रता, समानता र समावेशिता आदि उपलब्धिका आधार राजनीतिक दल नै हुन् । कांग्रेस र कम्युनिस्ट मिलेर यी उपलब्धि प्राप्त गरे । मुलुक अझै आर्थिक, सामाजिक समस्यामा छ । युवा पुस्तामा निराशा र आक्रोश बढेको छ र त्यसका जिम्मेवार निश्चय पनि पुराना दल नै हुन् । दलहरू उत्पीडित समुदायका हितकर छैनन् । बोलीमा समानता, न्याय, देशप्रेम, समृद्धि र विकासको नारा हुने भए पनि व्यवहारमा भ्रष्टाचार, नातावाद, जातिवाद र भालेवादको शासन चल्दै आएको छ । यी तमाम बेथितिविरुद्ध युवा आक्रोशित बन्नु स्वाभाविक छ । विडम्बना, कांग्रेसबाहेक अन्य पुराना दलले आफूलाई परिमार्जन गर्न सकेनन् । पुस्ता हस्तान्तरको मुद्दा नजरअन्दाज भए । ती दलका प्रगतिशील युवा जमातको यथेष्ट हस्तक्षेप पुगेन । यस्तो अवस्थामा नयाँ र ऊर्जाशील दलको नवउदय हुने सम्भावना रहन्छ । त्यसैले, रास्वपा, विशेषतः बालेन्द्र शाह, कुलमान घिसिङ, हर्क सामपाङ आदि र तिनका दलको पक्षमा जनलहर देखा परेको हो । परिणामतः उनीहरूका सभामा भिड लाग्ने गरेको हो ।

लोकतन्त्रमा एक दलको विकल्प अर्को दल बन्नु स्वाभाविक हुन्छ । तर, रास्वपा वैचारिक हिसाबले कतै कुनै मुद्दा र प्राप्त उपलब्धिमा समेत प्रस्ट छैन । पार्टीको केन्द्रीय तह, पदाधिकारी आदिमा समावेशी प्रतिनिधित्व गर्न सकेको छैन । विभिन्न विवादमा मुछिएका सभापति रवि लामिछानेलगायत पहाडे, आर्य खस, पुरुषमा सर्वाधिकार बनाइएको दल कुन अर्थमा कति नयाँ र विशेष भयो ? यसको पनि लेखाजोखा गरिनुपर्छ । अतः सचेत र सभ्य नागरिकले विचार गर्नुपर्छ, नयाँ हुन् वा पुराना, दलका योग्य र प्रस्ट विचार भएका व्यक्तिलाई मात्रै आफ्नो जनप्रतिनिधि चुन्ने अठोट गरौँ । अन्त्यमा समाजवादी नेता राममनोहर लोहियाको भनाइ स्मरण गर्दै लेख टुंग्याउँछु, 'हाम्रो शासक को बन्छ भन्ने यी तीन कुराले निर्धारण गर्छन्– उच्च जात, धन र ज्ञान । यीमध्ये जोसँग दुई चिज मात्रै छन् भने पनि उसले राज गर्नेछ ।' कामना गरौँ, लोहिया गलत साबित होऊन् ।

नयाँ पत्रिकाबाट

## मुग्लिन-मलेखु सडकः एघार किलोमिटर कालोपत्र पूरा



चितवन । पृथ्वी राजमार्गअन्तर्गत ११ किलोमिटर नागढुङ्गा-मलेखु खण्ड कालोपत्र भएको छ । गत वर्ष आठ किलोमिटर कालोपत्र गरिएकामा यस वर्ष थप तीन किलोमिटर कालोपत्र गरिएको हो ।

नागढुङ्गा-मुग्लिन सडक आयोजनाका इञ्जिनियर विजय दरैका अनुसार तेस्रो चरणअन्तर्गत हालसम्म ४० प्रतिशत अर्थात् कुरिनटार, फिस्लिङ, चरौदी र विशालटारका केही क्षेत्र कालोपत्र भएका छन् ।

धादिङको बाँदरेमा कालोपत्र जारी छ भने फिस्लिङ र जवाङ खोला क्षेत्रमा बेस र सबबेस राखिएको छ । उक्त खण्डका छ वटा पुलमध्ये हुग्दी र चरौदीमा जमिनमाथिको काम भइरहेको छ । निर्माण सामग्री अभाव नहोस् भन्नेमा आफूहरू रहेको उनले बताए ।

धादिङको चरौदी र बेनिघाट एवं इच्छाकामनाबाट सामग्री लगिएको भए पनि लामो समयका लागि काम गर्न सामग्री अभाव हुने आशङ्का उनले व्यक्त गरे ।

विश्व बैंकको ऋण सहयोग रु चार अर्ब ८० करोड ५९ लाख मा ३८ किलोमिटर लामो यो सडकखण्ड स्तरोन्नति थालिएको हो ।

## आचारसंहिताको पूर्ण पालना गर्न आयोगको निर्देशन

बुटवल । निर्वाचन आयोगले फागुन ४ गतेदेखि १८ गतेसम्म प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रचार-प्रसारको समय तोक्दै सरोकारवालाहरूलाई आचारसंहिताको पूर्ण पालना गर्न निर्देशन दिएको छ ।

निर्वाचन आयोगले तोकिएको कार्यतालिका बमोजिम राजनीतिक दल र उम्मेदवारहरूलाई चुनावी प्रचारप्रसारका लागि निश्चित समयसीमा प्रदान गरेको हो ।

'संवत २०८२ साल फाल्गुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि फाल्गुन ३ गते राति १२ बजेपछि राजनीति दल एवं उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसार सुरु गर्दै हुनुहुन्छ । निर्वाचन आचार संहिता २०८२ ले राजनीति दल, उमेदवार, दलका भातृ संगठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ ।'- उनले भने ।

आयोगका अनुसार २०८२ फाल्गुन ३ गते राती १२ बजेपछि अर्थात् फाल्गुन ४ गतेदेखि सुरु हुने यो प्रचार अवधि फाल्गुन १८ गते राती १२ बजेसम्म कायम रहने आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए ।

उनका अनुसार आयोगले प्रचारप्रसारका क्रममा राजनीतिक दल, उम्मेदवार, नेता, प्रतिनिधि र शुभेच्छुकहरूलाई निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न निर्देशन दिएको छ ।

'निर्वाचनको निष्ठतालाई उच्च प्राथमिकतामा राखेर दल तथा उम्मेदवार एवं अन्य सरोकारवाला सबैले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचन प्रचारप्रसार गर्नुहुनेछ भन्नेमा आयोग विश्वस्त रहेको छ ।


**Bardaghat Municipality**

**Office of Municipal Executive**

**Bardaghat, Nawalparasi (Ba. Su.West)**

**Lumbini Province, Nepal**

**Invitation for Bids (electronic bidding only)**

First Date of Publication: 2082/11/04 BS(16thFeb 2026 AD)

1. Bardaghat Municipality, Office of the Municipal Executive Invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1. | BAR/NCB/ Works/31/ 082/083 | Construction of Park for Junior and Senior Citizens at Panchkune Chowk, Bardaghat-04 | 90/120 days | 21,45,975.79 | 62,500 | 3,000 |

Submission and Opening:

| S.N. | Contract No. | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|
| | | Date | Time | Date | Time |
| 1 | BAR/NCB/ Works/31/082/083 | 18March 2026 | 12:00 PM | 18March2026 | 2:00 PM |

| Bank Name | Name of Office | Bid Document Purchase fee | Bid Security Deposit |
|---|---|---|---|
| NIC ASIA Bank Ltd. Bardaghat, Nawalparasi | Bardaghat Municipality, Office of the Municipal Executive | 0832050028211002 Antarik Rajaswo | 8341498482524004 Dharauti Khata |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

Chief Executive Officer

# नवलपरासीमा कुषोषणको अवस्था गम्भीर



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा पाँच वर्ष मुनिका बालबालिकाकामा कुषोषणको अवस्था गम्भीर देखिएको छ।

स्थानीय तहसँगको समन्वयमा हेलेन केलर इन्टरनेशनलले बेस नेपालमार्फत् सञ्चालन गरेको पोषणमार्फत् जीवन रुपान्तरण परियोजनाअन्तर्गत जिल्लाका सातै स्थानीय तहमा जारी पोषण लेखाजोखाका क्रममा १५ प्रतिशत बालबालिकामा कुपोषणको समस्या देखिएको हो। जिल्लामा जारी बालबालिकाको पोषण लेखाजोखाका क्रममा १३ हजार २२६ जना बालबालिकाको जाँच गर्दा १३ दशमलव ७ प्रतिशत अर्थात् १ हजार ८१६ जनामा मध्यम कुषोषण र एक दशमलव तीन प्रतिशत अर्थत १ सय ७२ जनामा कडा खालको कुपोषण फेला परेको छ।

जिल्लाका ६ महिना देखि ५९ महिनासम्मका कुल २२ हजार ६३६ जना बालालिकाको पोषण लेखाजोखा गर्ने लक्ष्य लिइएको छ। थप एक महिनाभित्र सबै बालबालिकाको जाँच सक्ने लक्ष्य लिइएको बेस नेपालका कार्यक्रम संयोजक शालिकराम पोखरेलले जानकारी दिए।

मध्यम कुपोषण भएका बालबालिकाहरुलाई स्वास्थ्य संस्थाहरुले उपचारात्मक खाना(सुपरसिरियल प्लस) खुवाउन सुरु गरेका छन् भने कडा कुपोषणमा रहेका बालबालिकाहरुलाई नेपाल सरकारबाट प्राप्त आ.यु.टि.एफ.खुवाइएको छ। यसका साथै कुपोषित बालबालिकाको घर-घरमा पुगेर बालबालिकाहरुलाई उपलब्ध गराइएको उपचारात्मक खाना खुवाए नखुवाएको, बालबालिकाको स्वास्थ्य सुधारको अवस्था तथा सरसफाइ र खानपानका बारेमा घरघरमा पुगेर परामर्श गर्ने कार्यलाई समेत अगाडि बढाइएको कार्यक्रम संयोजक पोखरेलले बताए। सङ्ख्यात्मक रुपमा रामग्राम, सुनवलमा धेरै कुपोषित बालबालिका भेटिए पनि कम बालबालिकामा धेरै कुपोषित बालबालिका भेटिनेमा सरावल सबैभन्दा अगाडि छ। सरावलमा १४ सय ३० जनाको जाँच गर्दा २१ जनामा कडा र २ सय ७६ जनामा मध्यम खालको कुषोषण फेला परेको छ।

कडा कुपोषण भएका बालबालिकामा मृत्यु, दीर्घकालीन रोग र शारीरिक तथा मानसिक विकासमा गम्भीर असर पर्ने जोखिम अत्यन्त उच्च हुने स्वास्थ्य कार्यालय नवलपरासीका प्रमुख अगंदबहादुर शाहीले जानकारी दिए।

**रास्वपा...**

ऊर्जा क्षेत्रमा २०३० सम्म जलविद्युत् उत्पादन १२ हजार मेगावाट र २०३५ सम्म २५ हजार मेगावाट पुऱ्याई भारत, बंगलादेश र चीनतर्फ निर्यात वृद्धि गर्ने, साथै जलविद्युत्, जडीबुटी, सिमेन्ट, पर्यटन र आईटीलाई प्राथमिकता प्राप्त क्षेत्रको रूपमा प्रवर्द्धन गर्ने प्रतिबद्धता समेत गरिएको छ।

वैदेशिक लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिएको प्रतिबद्धता पत्रमा सन् २०३० सम्म कुल गार्हस्थ उत्पादन (जीडीपी) ७० अर्ब अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखिएको छ।

यस्तै सन् २०३५ सम्म जीडीपीको आकार बढाएर १११ अर्ब अमेरिकी डलर पुऱ्याउने, सन् २०३५ सम्म नेपाललाई उच्च मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने लक्ष्य राखिएको छ।

निर्यातलाई सन् २०३० मा १० अर्ब डलर र सन् २०३५ सम्म २० अर्ब डलरसम्म विस्तार गर्ने र प्रतिवर्ष करिब १० लाख थप रोजगारी सिर्जना गर्ने लक्ष्य निर्धारण गरिएको छ।

ऊर्जा क्षेत्रमा सन् २०३० सम्म जलविद्युत् उत्पादन १२ हजार मेगावाट र २०३५ सम्म २५ हजार मेगावाट पुऱ्याइ भारत, बाङ्लादेश र चीनतर्फ निर्यात वृद्धि गर्ने लक्ष्य राखिएको छ।

भ्रष्टाचारविरुद्ध उजुरी दिने व्यक्तिलाई अदालतको अन्तिम फैसलाबाट ठहर भएको रकमको ५ प्रतिशतले हुनआउने रकम सूचनादातालाई पुरस्कारवापत उपलब्ध गराउने प्रतिबद्धता गरिएको छ।

सन् २०३० सम्ममा वार्षिक आर्थिक वृद्धिदर ९ प्रतिशत पुऱ्याउने उनेपाको प्रतिबद्धता छ। सन् २०३५ सम्म आर्थिक वृद्धिदर १० प्रतिशत पुऱ्याएर प्रतिव्यक्ति आय करिब ४ हजार डलर पुऱ्याउने वाचा गरिएको छ।

यस्तै हाइड्रो, कृषि, पर्यटन, आइटी, उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रबाट वार्षिक ९ लाख रोजगारी सिर्जना गरी ५ वर्षमा ४५ लाख रोजगारी सिर्जना गरिने उनेपाको प्रतिबद्धता पत्रमा उल्लेख छ।

**भ्रष्टाचारी ठहर व्यक्तिलाई आजीवन प्रतिबन्ध**

भ्रष्टाचारी ठहर भएको व्यक्तिलाई सार्वजनिक पदमा आजीवन प्रतिबन्ध लगाउने उनेपाको प्रतिबद्धता पत्रमा उल्लेख छ।

भ्रष्टाचारविरुद्ध उजुरी दिने व्यक्तिलाई अदालतको अन्तिम फैसलाबाट ठहर भएको रकमको ५ प्रतिशतले हुनआउने रकम सूचनादातालाई पुरस्कारवापत उपलब्ध गराउने प्रतिबद्धता गरिएको छ।

**सबै परिवारलाई हजार कित्ता जलस्रोत सेयर**

पूर्व ऊर्जा, जलस्रोत मन्त्री समेत रहेका घिसिङ नेतृत्वमा रहेको उनेपाले सबै एक परिवारलाई हजार कित्ता जलस्रोत सेयर प्रदान गर्ने अभियान चलाउने लक्ष्य राखेको छ।

'कमाउँदै, पढ्दै-सिक्दै' पद्धतिअनुसार सरकारी तथा अनौपचारिक क्षेत्रमा १०० दिनसम्मको इन्टर्नसीपको व्यवस्था गर्ने एजेन्डा पनि प्रतिबद्धता पत्रमा उल्लेख छ। त्यसका लागि प्रत्येक विद्यार्थीलाई मासिक १० हजार रुपैयाँ बराबरको 'श्रमबजार प्रवेश उत्प्रेरणा भत्ता' दिइने भनिएको छ।

साथै कोषमाप्राप्त रकमबाट शिक्षा, स्वास्थ्य रोजगारी सिर्जना गर्ने कार्यमा खर्च गरिने प्रतिबद्धता पत्रमा उल्लेख छ।

जलस्रोत क्षेत्रमा निजी क्षेत्रको उल्लेख्य सहभागिता गराएर सन् २०३० सम्ममा १२ हजार मेगावाट विद्युत् उत्पादन गर्ने, प्रतिव्यक्ति विद्युत् खपत ८ सय किलोवाट प्रतिघण्टा पुऱ्याउने उनेपाको लक्ष्य छ।

सन् २०४५ सम्ममा ४० हजार मेगावाट उत्पादन हुनेगरी जनविद्युत् आयोजनाहरू अगाडि बढाउने र यसबाट कार्बन न्युट्रल मुलुकका रूपमा नेपाललाई स्थापित गर्न सहयोग पुग्ने उनेपाको दाबी छ।

**स्वास्थ्यमा सुधार, विश्वविद्यालयसम्म निःशुल्क शिक्षा**

स्वास्थ्य क्षेत्रमा ग्रामीण क्षेत्रका जनतालाई मोबाइल क्लिनिक र टेलिमेडिसिनको व्यवस्था गर्ने उनेपाले प्रतिबद्धता जनाएको छ।

यस्तै प्रत्येक वडामा मानसिक स्वास्थ्य परामर्शदाताको सेवा उपलब्ध गराउने, सबै स्थानीय तहका स्वास्थ्य संस्थामा कम्तीमा एक विशेषज्ञ (हाडजोर्नी, स्त्रीरोग र बालरोग) राख्ने एजेन्डा उनेपाको प्रतिबद्धता पत्रमा उल्लेख छ।

शिक्षा क्षेत्रमा उनेपाले विश्वविद्यालय तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने प्रतिबद्धता गरेको छ।

**किसानलाई प्रत्यक्ष अनुदान**

उनेपाले किसानलाई प्रत्यक्ष अनुदानको व्यवस्था गर्ने प्रतिबद्धता पत्रमा राखेको छ। किसानको डिजिटल आईडीमार्फत् सिँचाइ, मल, बिउ र बिमाका लागि दिइने अनुदान सिधैँ किसानको खातामा जाने व्यवस्था मिलाउने प्रतिबद्धता गरिएको छ।

यस्तै 'एक प्रदेश, एक स्मार्ट सिटी' योजना अघि सारेर सन् २०४० सम्म लुम्बिनी, भरतपुर, निजगढलगायत १३ सहरमा पूर्णरूपमा स्मार्ट सिटी सञ्चालन गरिने र त्यसको व्यवस्थाका लागि अध्ययन कार्य अगाडि बढाउने प्रतिबद्धता उनेपाको छ।

**१० लाख युवालाई स्वदेशमै रोजगारी**

उनेपाले युवा उमेर समूहका नागरिकलाई 'युवा रोजगार मेला आयोजना' गर्ने ५ वर्षमा १० लाख युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने प्रतिबद्धता गरेको छ।

यस्तै युवालाई उद्यमशीलता कोषबाट १० लाखसम्म बीना ब्याजको ऋण उपलब्ध गराउने र युवा नेतृत्व विकास गर्न १०१ सदस्यीय युवा संसद् गठन गर्ने प्रतिबद्धता गरिएको छ।

१० अर्बको स्टार्टअप कोष स्थापना गरी सातै प्रदेशमा आईटी पार्क स्थापना गर्न कर छुट दिने व्यवस्था मिलाउने उज्यालो नेपालको वाचा छ।

यस्तै मेडलप्राप्त राष्ट्रिय खेलाडीलाई मासिक २५ हजार र अन्तर्राष्ट्रिय खेलाडीलाई ६० हजार पेन्सन दिने पनि उनेपाले जनाएको छ।

सहकारीको रकम अपचलन गर्नेबाट असुल गरेर सहकारी पीडितलाई ५ लाख प्रदान गर्ने बाचा उनेपाको छ।

**प्रलोपाको प्रतिबद्धतापत्रमा के छ ?**

'प्रगतिशील लोकतन्त्र, उन्नतिशील राष्ट्र' नारासहित प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ।

आइतबार राजजधानीमा आयोजित पत्रकार सम्मेलनमार्फत पार्टी अध्यक्ष परिषद्का सदस्यहरू सुदन किराँती, दुर्गा सोब र सन्तोष परियार लगायतले संयुक्त रूपमा प्रतिबद्धतापत्र सार्वजनिक गरे।

आगामी निर्वाचनमार्फत अग्रगामी वैकल्पिक शक्तिको सार्थक पहल सम्भव भएमा मुलुकको राजनीतिक पुनर्संरचनासहित सुशासन र समृद्धिको ढोका खुल्ने विश्वास प्रलोपाको छ।

प्रदेशहरूको पुनर्संरचना, प्रत्यक्ष निर्वाचित राष्ट्रपति र मुख्यमन्त्री, एक व्यक्ति-एक पद र दुई कार्यकालको कानुनी व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरी सांसदहरूलाई कानुन निर्माणमामात्र सीमित गर्नुपर्ने प्रलोपाको अवधारणा छ।

पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर २ का उम्मेदवार जन्मदेव जैसीले संविधान व्यवहारतः कार्यान्वयन नहुँदा पूरा हुन नसकेका जनआकांक्षा तथा जेन-जी र नेपाल सरकारबिच भएको १० बुँदे सम्झौता कार्यान्वयनका यो चुनाव निर्वाचन कोसेढुंगा सावित हुने बताए।

प्रलोपा नेतृत्वले हाल अभ्यासमा रहेको लोकतन्त्रले जनतालाई पाँच वर्षमा एक पटक मतदान गर्ने अधिकारमा मात्र सीमित गरेको टिप्पणी गरेको छ। लोकतन्त्रका नाममा दलतन्त्र, गुटतन्त्र र नेतातन्त्र मौलाएको जनगुनासो बढिरहेको उल्लेख गर्दै पार्टीले 'प्रगतिशील लोकतन्त्र' को अवधारणा अघि सारेको जनाएको छ।

पार्टीका अनुसार यसको मूल आधार पूर्ण समावेशीता, सामाजिक न्याय र समता, जनसहभागितामूलक शासन, आर्थिक तथा सांस्कृतिक अधिकारको सुनिश्चितता, सुशासन, पारदर्शिता तथा अग्रगामी परिवर्तनमा आधारित हुनेछ।

प्रलोपा नेतृत्वले पुराना दलहरू वर्तमान समस्याको समाधान र भविष्यका सम्भावनाको यथार्थ मूल्यांकन गर्न असफल भएको आरोप लगाउँदै आफूहरूसँग मुलुकलाई समृद्ध बनाउने स्पष्ट दृष्टिकोण, वैचारिक स्पष्टता, युवा तथा दूरदर्शी नेतृत्व, ठोस योजना र कार्यक्रम रहेको दाबी गरेको छ।

प्रतिनिधिसभा निर्वाचनलाई राजनीतिक रूपान्तरणको ऐतिहासिक अवसरका रूपमा चित्रण गर्दै आफूलाई अग्रगामी वैकल्पिक शक्तिका रूपमा स्थापित गर्ने लक्ष्य सार्वजनिक गरेको छ।

**चुनावी ...**

केही महिनाअघि भएको शिक्षकहरूको आन्दोलन र मागका विषयमा ओलीले आफू प्रधानमन्त्री हुँदा प्रयास गरेको बताए।

'शिक्षकहरूको संयुक्त आन्दोलनमा विभिन्न आस्थाका आधारममा फरक-फरक माग दृष्टिकोणबाट आएको थियो। जुन सहज रूपमा आएन। शिक्षहरूका माग सम्बोधन गर्न शिक्षा मन्त्रीलाई नै जिम्मा दिइएको थियो,' उनले भने-'आन्दोलनमा काँग्रेस र माओवादी विचारमा आबद्ध शिक्षकहरूले लगातार सरकार र प्रधानमन्त्रीको मात्र विरोध गरिरहेकाले आन्दोलनले सही निकास दिन सकेन।'

ओली चार दिन काठमाडौं बसेर आइतबार झापा (निर्वाचन क्षेत्र) फर्किएका हुन्।

## CHHATRADEV RURAL MUNICIPALITY
### OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
### CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For National Competitive Bidding

Date of second publication: 2082/11/04 (16th February, 2026)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 3000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))
Prebid Meeting :- 2082/11/25 BS (09th March 2026) 13:00 Hrs.
Last Date of Bid Purchase and Submission: 18th March, 2026 (2082/12/04 BS) 12:00 Hrs.

| S N | Name of Project/Contract No. | Estimated Amount Inclusive VAT & PS | Bid Security | Bid Validity/Bid SecurityValidity |
|---|---|---|---|---|
| 1 | War No 7 Baigaun Madelchaur Motorable Road Upgrading Works CRM/ARG /NCB/W/07/082/83 | NRs. 38,96,871.77 | NRs. 1,10,000/- | 90 days/120 days |

# Rohini Rural Municipality
## Office of the Rural Municipal Executive
**Dhakdhai, Rupandehi**
**Lumbini Province, Nepal**

## Invitation for Sealed Quotations

Date of First Publication: Feb 16th, 2026 (Falgun 4th, 2082)

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement system in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: Rohini Rural Municipality or may contact the Rohini Rural Municipality Office at Dhakdhai, Rupandehi within Office hours.

| S. N. | Contract ID | Name Of Project | Estimated Amount (Including VAT & PS) | Bid Security Amount (NRs.) | Account No. for Bid Security | Fee for Bid Document (NRs.) | Account No. for Bid Document fee | Final Submission date & Time | Bid Opening Date & Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 07/SQ/Works/ RRM/2082-83 | Wada Stariya P.C.C Dhalan Tatha Ramnaresh Ma.Vi. Dekhi Sobhako Ghar Samma P.C.C. Dhalan | 17,53,912.94 | 44,000 | NIC ASIA Bank Ltd., Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002 | 1,000 | NIC ASIA Bank Ltd., Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003 | March 9th ,2026 (Falgun 25th,2082) At 12:00 Hours | March 9th ,2026 (Falgun 25th,2082) At 15:00 Hours | 75 Days |
| 2 | 08/SQ/Works/ RRM/2082-83 | Construction of Temple and Drain Works in Rohini-03 | 17,54,047.79 | 44,000 | | 1,000 | | | | |
| 3 | 09/SQ/Works/ RRM/2082-83 | Construction of Boundary Wall at Bagaha Health Post | 10,21,791.74 | 26,000 | | 1,000 | | | | |

- Bidders are advised to read the corresponding bid document carefully before submission of bid.
- Due to some technical error in Bid Document and Bolpatra :- Contract ID: 07/SQ/Goods/RRM/2082-83, 08/SQ/Goods/RRM/2082-83 and 09/SQ/Goods/RRM/2082-83 are invited for SQ but they are 07/SQ/ Works /RRM/2082-83, 08/SQ/ Works /RRM/2082-83 and 09/SQ/ Works /RRM/2082-83 respectively so bidders are advised to bid the Contract according to this published notice.

**Chief Administrative Officer**


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**बन्दाकोभी खेती:**
दाङको घोराही उप-महानगरपालिका-६ स्थित गुरुवा गाउँमा व्यावसायिक रूपमा गरिएको बन्दाकोभी खेती। तस्विरः कुलदीप न्यौपाने/रासस

# प्रज्ज्वल बोहराका ९ बूँदे प्रतिबद्धता : जेनजी युवाको आवाज संसदमा पुऱ्याउने




भैरहवा । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)कोतर्फबाट रूपन्देही क्षेत्र नम्बर १ का उम्मेदवार प्रज्ज्वल बोहराले आफ्ना चुनावी प्रतिबद्धता सार्वजनिक गरेका छन् । आइतबार रोहिणी गाउँपालिका-३ स्थित धकधईमा आयोजित समारोहमा उम्मेदवार बोहराले ९ बुँदे प्रतिबद्धता सार्वजनिक गरेका हुन् ।

जेनजी पुस्ताले भ्रष्टाचारविरुद्ध र सुशासनका पक्षमा गरेको आन्दोलनलाई आत्मसात गर्दै आगामी फागुन २१ गते हुने निर्वाचनमा युवाको आवाज संसद्सम्म पुऱ्याउन आफूलाई जिताउन बोहराले आग्रह गरे ।

उनले लघुवित्त र सहकारी पीडितका पक्षमा काम गर्नुपर्ने कुरामा आफू पूर्ण प्रतिबद्ध रहेको बताए । उनले सुशासन र भ्रष्टार नियन्त्रण अन्तर्गत सार्वजनिक सेवा प्रवाहमा डिजिटल प्रणाली, पूर्णरूपमा अधिकारसम्पन्न स्थानीय सरकार, ठेक्का, बजेट र योजना प्रक्रियामा पूर्ण पारदर्शिता, हरेक वर्ष जनतासँग कामको प्रतिवेदन प्रस्तुत र जनताले सोध्ने र आफूले जवाफ दिने कामको सुरुवात गर्ने प्रमुख प्रतिबद्धता रहेको बताए ।

त्यस्तै रोजगारी र अर्थतन्त्रअन्तर्गत युवाका लागि स्थानीय रोजगारीको सिर्जना, सीपमूलक तालिम र उद्यमशीलता प्रवर्द्धन, स्थानीय उद्योगमा रोजगारीको व्यवस्था सिर्जना, शिक्षा क्षेत्रमा व्यापाक सुधारका लागि सरकारी विद्यालयको भौतिक संरचनाको निर्माण र शैक्षिक गुणस्तर अभिवृद्धि, रामनरेश यादव आदर्श नमूना माध्यमिक विद्यालयमा क्याम्पसमा परिणत, सीप, प्रविधि र व्यवहारिक शिक्षामा जोड दिइने उम्मेदवार बोहराले जनाए ।

स्वास्थ्य सेवाअन्तर्गत सबै नागरिकका लागि सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा, गाउँ-नगरमै गुणस्तरीय विशेषज्ञ सेवा, क्षेत्र नम्बर १ भित्र पर्ने सबै पालिकालाई समेट्ने गरी एम्बुलेन्स र दमकलको व्यवस्थापन, स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन र धकधई स्वास्थ्य केन्द्रलाइई स्तरोन्नति गर्दै विशेषज्ञ सेवासहितको सुविधा प्रतिबद्धतामा समेटिएको छ ।

कृषि र खाद्य सुरक्षाअन्तर्गत व्यवसायिक कृषि प्रवर्द्धनमा जोड, किसानलाई उचित मूल्य र बजार सुनिश्चितता, सिँचाइ, भण्डारण र आधुनिक कृषि प्रविधि, आयातमा निर्भरता घटाउँदै स्वदेशी उत्पादन वृद्धि, पूर्वाधार विकासअन्तर्गत क्षेत्रका सबै पालिका जोड्ने गरी सडक सञ्जालको निर्माण, रोहिणी नदी संरक्षणसँगै जलासययुक्त बाँधबाट पर्यटन विकासमा जोड, रोहिणी नदीको मैनिहवामा पक्की पुल निर्माण, देवदहलाई लुम्बिनीसँग जोडेर अन्तर्राष्ट्रिय पर्यटकीयस्थल बनाउने, फोहोर प्रशोधन केन्द्रको निर्माण, सुविधासम्पन्न खेलकुद मैदानको निर्माण लगायतका काम समावेश गरिएको छ ।

त्यसै गरी निर्णय तहमा युवाको अर्थपूर्ण सहभागीता, महिला उद्यम, सुरक्षा र नेतृत्व, महिला उद्यम, सुरक्षा र नेतृत्व, पिछडिएका समुदायको सशक्तिकरण, भाषा, संस्कृति र परम्पराको संरक्षण, राष्ट्रिय स्वाभिमान र स्वतन्त्र परराष्ट्र नीति समावेश गरिएको छ ।

उम्मेदवार बोहराले युवाले देश छोड्नुपर्ने बाध्यता होइन, देशमै भविष्य देखून्, राजनीतिक सेवा होस्, सत्ताको खेल होइन् भन्ने आफ्नो संकल्प रहेको उनले जानकारी दिए ।

समारोहमा राप्रपा लुम्बिनी प्रदेश अध्यक्ष प्रदीपकुमार उदयले राप्रपाले उठाएको माग जेनजी पुस्ताले उठाएकोले आफूहरू जेनजीको भावनाविपरीत जान नसक्ने बताए ।

कार्यक्रममा राप्रपाका सहायक महामन्त्री तथा समानुपातिक उम्मेदवार ताहिर अली, केन्द्रीय सदस्य तोयानाथ लम्साल, स्वाती थापा, रूपन्देही क्षेत्र नम्बर १ का क्षेत्रीय अध्यक्ष सीताराम सिंह, नेता शंकर खत्री लगायतले राप्रपाको बलियो पकड रहेको क्षेत्र नं. १ मा बोहराको जित सुनिश्चित रहेको बताए । ।

# उपाधि देवदह बुद्ध पब्लिक आवासीयलाई



देवदह । रुपन्देहीको देवदहमा सञ्चालन भएको तेश्रो नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्डको उपाधि देवदह बुद्ध पब्लिक आवासीय माविले जितेको छ । गत वर्षको विजेता समेत रहेका बुद्ध पब्लिक आवासी माविले ११ स्वर्ण, १० रजत र ६ कास्य पदक प्राप्त गर्दै रनिङ्ग शिल्डको उपाधि जित्न सफल भएको हो ।

रनिङ्ग शिल्डको उपाधिसँगै देवदह बुद्ध पब्लिक आवासीय विद्यालयले नगद २५ हजार, शिल्ड समेत प्राप्त गरेको छ । यसैगरी प्रतियोगितामा सगरमाथा आवासीय माध्यमिक विद्यालय द्वितीय भएको छ । सगरमाथा आवासीय विद्यालयले ६ स्वर्ण, ६ रजत र ७ कास्य पदक प्राप्त गर्दै उप-विजेता बन्न सफल भएको छ ।

उप-विजेता बन्दै सगरमाथा आवासीय विद्यालयले नगद १० हजार, शिल्ड प्राप्त गरेको छ । यसैगरी प्रतियोगितामा ग्रीनप्लान्ट विद्यालय तृतीय भएको छ । खेलमा ५ स्वर्ण, ५ रजत र १० कास्य पदक प्राप्त गर्दै तृतीय भएको ग्रीन प्लान्ट विद्यालयले नगद १० हजार र शिल्ड प्राप्त गरेको छ । खेलमा सेभेनस्टारले ४ स्वर्ण, ३ रजत, ३ कास्य, भविश्य माविले ३ स्वर्ण, ३ रजत, १ कास्य, युगज्योति माविले ३३ स्वर्ण, ३ कास्य, सीता माविले २ स्वर्ण, १ रजत, ३घ कास्य प्राप्त गरेको छ । त्यसैगरी देवदह बोर्डिङ्ले २ स्वर्ण, २ रजत, १ कास्य, देवदह मदरटङ्गस एकेडेमीले २ स्वर्ण, १ कास्य, केरवानी माविले १ स्वर्ण, ७ रजत, ८ कास्य, सरुवती माविले १ स्वर्ण, मदरल्याण एकेडेमीले १ स्वर्ण, २ रजत र १ कास्य पदक प्राप्त गरेको छ ।

प्रतियोगिताअन्तर्गत भएको छात्रा कबड्डीतर्फ बुद्ध पब्लिक प्रथम, केरवानी मावि द्वितीय, युगज्योति मावि तृतीय भएको छ भने छात्रतर्फ सगरमाथा प्रथम, केरवानी मावि द्वितीय, देवदह बुद्ध पब्लिक तृतीय भएको छ । भलिबल खेलको छात्रतर्फ बुद्ध पब्लिक प्रथम, सगरमाथा द्वितीय, सीता मावि तृतीय भएको छ भने छात्रातर्फ बुद्ध पब्लिक प्रथम, सगरमाथा द्वितीय र ग्रीनप्लान्ट तृतीय भएको छ । यसैगरी मार्सलतर्फ ३ स्वर्ण, २ रजत र ३ कास्य गरी सेभेनस्टार प्रथम, ३ स्वर्ण, २ कास्य गरी सगरमाथा द्वितीय र २ स्वर्ण, १ रजत र १ कास्य गरी तृतीय भएको छ ।

नगर प्रमुख ध्रुवप्रसाद खरेलको अध्यक्षतामा भएको समापन कार्यक्रममा जिल्ला खेलकुद विकास समिति रुपन्देहीका प्रमुख चन्द्रकान्त आर्चाय, इप्साका अध्यक्ष रामबहादुर गुरुङ्गलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

नगर शिक्षा अधिकृत पर्शुराम ढकाल र खेमानन्द ज्ञवालीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

## एमाले प्रगतिनगर टोलको भेला : 'रूपन्देही २ मा विष्णु पौडेलको विकल्प छैन'



बुटवल । नेकपा एमाले प्रगतिनगर टोल कमिटी बुटवल ११ को चुनाव लक्षित भेला सम्पन्न भएको छ । भेलाले क्षेत्र नं. २ मात्र नभई सिंगो रूपन्देही जिल्लालाई पूर्वाधार विकासमा नमूना बनाउन यस क्षेत्रका उम्मेदवार एवं एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलको निकै ठूलो मेहनत र योगदान रहेकाले उनलाई यसपटक पनि जिताउनुपर्ने निर्णय गरेको छ ।

सो भेलालाई सम्बोधन गर्दै उम्मेदवार पौडेलले आफूले जनताको मागअनुसारका योजना छनोट गर्ने र बजेटको व्यवस्था गरेर रूपन्देहीलाई विकासको नमूना जिल्ला बनाएको सबैले देखेकाले कामको मूल्याङ्कन गरेर कसलाई मत दिने भन्ने निर्णय गर्न आग्रह गरे ।

सामाजिक सञ्जालले फैलाएका भ्रमको पछि नलागेर क्षेत्रका मतदाताले काम हेरेर मतदान गर्नेमा आफू विश्वस्त रहेको पौडेलले बताए ।

प्रगतिनगर क्षेत्रको बस्तीलाई सुरक्षित बनाउन तिनाउ नदी किनारको भागमा तटबन्धलाई निरन्तरता दिने र विभिन्न धर्म, सम्प्रदायमा आस्था राख्ने सबैका माग सम्बोधन गर्ने आफ्नो प्राथमितामा रहेको उम्मेदवार पौडेलले बताए ।

कार्यक्रममा टोल कमिटी अध्यक्ष टेकबहादुर गुरूङ, निर्वाचन प्रचारप्रसार संयोजक ठाकुरप्रसाद गैरे, नेता वीरबहादुर कुँवरलगायतले यसपटकको चुनाव जेनजी युवालाई ढाल बनाएर देशका सम्पदा र उद्योग व्यवसाय जलाएर देश कमजोर बनाउने र राष्ट्रियता रक्षा गर्ने बिचको लडाइ भएकाले देश जोगाउनेहरूले जित्नुपर्ने बताए ।

भविष्यमा प्रधानमन्त्री र पार्टी अध्यक्ष हुने सम्भावना बोकेका नेता भएकाले रूपन्देही २ मा विष्णु पौडेललाई एमाले बाहेक अन्य दलका सचेत मतदाताले पनि रोज्ने उनीहरूको विश्वास थियो ।

# सबै धर्म, संस्कृतिको रक्षा गरौं : खत्री

देवदह । रूपन्देही क्षेत्र नम्बर-१ मा कांग्रेसको तर्फबाट उम्मेदवार बनेका हिराबहादुर खत्रीले सबै धर्म, संस्कृतिको रक्षा गर्नु अहिलेको आवश्यकता भएको बताएका छन् ।

विभिन्न भाषा, संस्कृति र जातजाति रहेको हाम्रो मुलुकमा सद्भाव बचाइ राख्न सबै धर्म संस्कृतिको संरक्षण र विकासमा लाग्नु पर्ने उनले जनाए ।

महाशिव रात्रि पर्वको अवसरमा आइतबार रूपन्देही क्षेत्रनम्बर-१ मा रहेका शिवालय तथा विभिन्न शिव मठ, मन्दिरहरूको दर्शन तथा परिक्रमा गर्दै उनले यस क्षेत्रमा रहेका धार्मिक धरोहरको संरक्षण र विकासकालागि योजना र कार्यक्रमलाई प्राथमिकता दिने बताए । उनले रूपन्देहीका देवदह नगरपालिका, तिलोत्तमा नगरपालिकाका विभिन्न वडा तथा टोलमा रहेका मठ, मन्दिरको परिक्रमासँगै दर्शन गर्दै समाजमा सद्भाव कायम गर्नकालागि सबै धर्मको सम्मान गर्नु आवश्यक रहेको जनाए ।

नव युवा आन्दोलनपछि नव युवाहरूले राखेका र अगाडि सारेमा मुद्दा तथा चाहनाका आधारमा आफूले उम्मेदवारी दिएको बताउँदै खत्रीले युवाहरूको भावना र चाहनाको कदर गर्दै आफूले योजना र कार्यक्रम बनाउने विश्वास व्यक्त गरे ।

उनले रूपन्देहीको देवदह १० को गौशाला सिद्धेश्वर मन्दिर, शित्तलनगरको दुर्गा मन्दिर, खैरेनीको लोकेश्वर मन्दिरलगायतका स्थान तथा तिलोत्तमा-१५ को विन्दबासिनी मन्दिर, तिलोत्तमा-१६ को शिव मन्दिर, तिलोत्तमा-८ को गौशाला, तिलोत्तमा-९ का विभिन्न शिवालय मन्दिरहरूको दर्शन, अवलोकन तथा परिक्रमा गर्दै धार्मिक दर्शनार्थीहरूलाई भेटेर धर्म, सँस्कृतिको संरक्षण र विकासका बारेमा सुझाव लिएको रूपन्देही १ का निर्वाचन परिचालन समिति सदस्य राजेन्द्र न्यौपानेले जानकारी दिए ।


**निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण**

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्नु हुँदैन ।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स- एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन ।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन

नेपाल सरकार विज्ञापन बोर्ड




**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क: बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com